# स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१

गण्डकी प्रदेश सरकार

**आर्थिक मामिला मन्त्रालय**

पोखरा, नेपाल।

# स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१

आर्थिक मामिला मन्त्रीबाट स्वीकृत मिति २०८१/०२/११

**प्रस्तावनाः** गण्डकी प्रदेश सरकार तथा स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित रही लागत साझेदारीमा स्थानीय तहको प्रशासकीय भवन निर्माण कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ११ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा, –

(क) "कार्यक्रम" भन्नाले स्थानीय तहको प्रशासकीय भवन निर्माण सम्बन्धी कार्यक्रम सम्झनु पर्छ।

(ख) "प्रशासकीय भवन" भन्नाले स्थानीय तहको प्रमुख प्रशासकीय भवन सम्झनु पर्छ र सो शब्दले वडा कार्यालय भवनलाई समेत जनाउछ।

(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय सम्झनु पर्छ।

(घ) "मन्त्री" भन्नाले आर्थिक मामिला मन्त्री सम्झनु पर्छ।

(ङ) "लागत साझेदारी" भन्नाले स्थानीय तहको प्रशासकीय भवन निर्माणको लागि गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय र स्थानीय तहबीच यस मापदण्ड बमोजिम भएको लागत साझेदारी सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश भित्रका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका सम्झनु पर्छ।

(छ) "सचिव" भन्नाले आर्थिक मामिला मन्त्रालयको सचिव सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ४ बमोजिमको मूल्यांकन तथा सिफारिश समिति सम्झनु पर्छ।

३. **प्रस्ताव आव्हानः** (१) मन्त्रालयले कार्यक्रम सञ्चालनको लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कम्तिमा पन्ध्र दिनको सूचना प्रकाशन गरी स्थानीय तहसँग प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेभसाइटमा समेत राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यक्रममा सहभागी हुन इच्छुक स्थानीय तहले अनुसूची-१ बमोजिमको ढाँचामा मन्त्रालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) स्थानीय तहले उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्दा विद्युतीय माध्यमबाट समेत पेश गर्न सक्नेछ।

(५) स्थानीय तहले उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्दा देहायका कागजातहरु प्रस्ताव साथ संलग्न गर्नु पर्नेछः-

(क) भवन निर्माण हुने जग्गामा स्थानीय तहको स्वामित्व कायम भएको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी। सरकारी जग्गामा निर्माण भएकोमा वा हुने भएमा त्यस्तो जग्गा प्रशासकीय भवन वा वडा कार्यालय भवन निर्माण गर्न पाउने गरी नेपाल सरकारबाट निर्णय भएको कागजातको प्रतिलिपी,

(ख) निर्माण कार्यका लागि ठेक्का सम्झौता भएको कार्यक्रमको स्वीकृत लागत अनुमान तथा कार्य तालिका,

(ग) लागत साझेदारीमा सहभागिता व्यहोर्ने बजेट स्रोत स्थानीय तहको वार्षिक बजेटमा समावेश भएको खुल्ने कागजात र सो खर्च गर्ने प्रतिबद्धता।

४. **<u>मूल्यांकन तथा सिफारिश समितिः</u>** (१) दफा ३ को उपदफा (३) बमोजिम प्राप्त प्रस्तावको मूल्यांकन तथा प्राथमिकिकरण गरी छनोट तथा स्वीकृतिको लागि सिफारिश गर्न मन्त्रालयमा देहाय बमोजिमको मूल्यांकन तथा सिफारिश समिति रहनेछः-

(क) प्रमुख, वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा, मन्त्रालय- संयोजक

(ख) मन्त्रालयको सचिवले तोकेको अधिकृत (सातौं/आठौं वा सो सरह) - सदस्य

(ग) अधिकृत सातौ/आठौ प्रदेश नीति तथा योजना आयोग - सदस्य

(घ) इन्जिनियर, शहरी विकास तथा भवन कार्यालय, कास्की - सदस्य

(ङ) शाखा प्रमुख, अन्तर सरकारी वित्त हस्तान्तरण शाखा - सदस्य सचिव

(२) स्थानीय तहले दफा ३ को उपदफा (३) बमोजिम मन्त्रालयमा पेश गरेको प्रस्तावका सम्बन्धमा समितिले आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहका पदाधिकारीसँग छलफल गर्न वा स्थानीय तहको स्थलगत भ्रमण गर्न सक्नेछ।

(३) समितिले उपदफा (१) बमोजिम प्रस्तावको मूल्यांकन तथा प्राथमिकिकरण गर्दा देहाय बमोजिमको आधारमा गर्नु पर्नेछः-

(क) अघिल्लो आ.व. मा प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने रकम जम्मा गरेको,

(ख) अघिल्लो आ.व. मा गण्डकी प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त अनुदान रकम सो आर्थिक वर्षमा खर्च नभई प्रदेश संचित कोषमा फिर्ता गर्नु पर्ने बाँकी रकम निर्धारित समयावधि भित्र प्रदेश संचित कोषमा फिर्ता दाखिला गरेको,

(ग) स्थानीय तह स्वमूल्यांकन प्रणाली (LISA) मा पछिल्लो आर्थिक वर्षको मूल्यांकनमा कम्तिमा पचास प्रतिशत अंक हासिल गरेको,

(घ) पछिल्लो अन्तिम लेखापरीक्षण प्रतिवेदनमा कूल बजेट अंकको पाँच प्रतिशतभन्दा कम बेरुजू कायम भएको,

(ङ) स्थानीय तहको लागत साझेदारी प्रतिशत पुग्ने गरी कार्यक्रमको लागि बजेट विनियोजन भएको।

(४) समितिले उपदफा (३) बमोजिमको आधारमा प्रस्ताव मूल्यांकन तथा प्राथमिकिकरण गरी सिफारिश सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त सिफारिशको आधारमा मन्त्रालयले कार्यक्रमको आवश्यकता तथा उपलब्ध बजेटको आधारमा प्रस्ताव छनोट सम्बन्धी निर्णय गर्नेछ।

(६) उपदफा (५) बमोजिम प्रस्तावको छनोट मन्त्रीस्तरीय निर्णयबाट हुनेछ।

(७) यस मापदण्ड बमोजिम स्थानीय तहको प्राथमिकीकरण गर्ने सम्बन्धमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

(८) उपदफा (५) बमोजिम छनौट भएका स्थानीय तहसँग सम्झौताका लागि मन्त्रालयले पन्ध्र दिनको सूचना प्रकाशन गर्नेछ।

(९) उपदफा (८) बमोजिमको सम्झौताको ढाँचा अनुसूची-२ बमोजिम हुनेछ।

(१०) यो मापदण्ड लागू हुनुभन्दा पहिले कार्यक्रमको लागि लागत साझेदारी वापतको रकम प्राप्त गरेका स्थानीय तहले बाँकी रकम प्राप्तिका लागि अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालयसँग पूरक सम्झौता गर्नु पर्नेछ। त्यस्तो पूरक सम्झौताको लागि मन्त्रालयले पन्ध्र दिनसम्मको अवधिसहित सूचना प्रकाशन गर्न सक्नेछ।

५. **लागत साझेदारीको हिस्सा:** (१) मन्त्रालयले बेहोर्ने लागत साझेदारीको हिस्सा देहाय बमोजिम हुनेछः-

(क) प्रशासकीय भवन निर्माणको लागि सम्झौता रकमको ***पचास प्रतिशत** वा दुई करोड पचास लाख रुपैयाँ मध्ये कम हुने रकम,

(ख) वडा कार्यालय भवन निर्माणको लागि सम्झौता रकमको चालीस प्रतिशत वा ***एक करोड रुपैयाँ** मध्ये कम हुने रकम,

(ग) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि सम्झौता रकममा कूल सुरु सम्झौता रकमबाट प्रोभिजनल सम वापत राखिएको रकम कट्टा गरी बाँकी हुने रकममात्र लागत साझेदारीका लागि सम्झौता रकम कायम भएको मानिनेछ।

तर, यो मापदण्ड लागू हुनुभन्दा पहिलेदेखि मन्त्रालयबाट भएको निर्णय बमोजिम कार्यान्वयनमा रहेका कार्यक्रमको लागत साझेदारी वापतको रकमको सीमा सोही निर्णय बमोजिम नै हुनेछ।

६. **अन्यत्र रकम खर्च गर्न नहुने:** कार्यक्रम संचालनको लागि यस मापदण्ड बमोजिम प्राप्त रकम प्रोभिजनल सममा राखिएका आइटममा हुने खर्च, मूल्य वृद्धि समायोजन (price escalation), भेरिएशन आदेश बमोजिम थप भएको कार्य, निर्माण व्यवसायीलाई दिइने पुरस्कार तथा क्षतिपूर्ति बापतको रकम, कन्टिन्जेन्सी लगायतमा खर्च गर्न पाइनेछैन।

(२) यस मापदण्ड बमोजिमको लागत साझेदारी स्थानीय तहको प्रशासकीय भवन निर्माण वा वडा कार्यालय भवन निर्माण सम्बन्धी कार्यक्रमका लागि मात्र हुनेछ।

(३) एकै ठेक्कामार्फत प्रशासकीय भवन वा वडा कार्यालय र आवास, पहुँचमार्ग वा अन्य निर्माण समेत गर्ने गरी खरिद कारबाही भएकोमा यस मापदण्ड बमोजिमको कार्यक्रमका लागि मात्र लागत साझेदारी गरिनेछ।

७. **निर्धारित समायवधि भित्र कार्यक्रम सम्पन्न गर्नु पर्ने:** स्थानीय तहले दफा ८ को उपदफा (३) को खण्ड (ख) बमोजिम निर्धारित समयावधि भित्रै कार्यक्रम सम्पन्न गर्नु पर्नेछ। सो समयाविधि भित्र कार्यक्रम सम्पन्न हुन नसकेमा त्यस्तो कार्यक्रम सोही स्थानीय तहले सञ्चालन गर्नु पर्नेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।

८. **<u>लागत साझेदारी भएको मानिने:</u>** (१) यो मापदण्ड लागू हुनुभन्दा पहिले सुरु भै चालू अवस्थामा रहेका कार्यक्रमहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

(२) यो मापदण्ड लागू हुनुभन्दा पहिले सम्झौता भई निकासा भएको रकम दफा ५ बमोजिमको सीमा भन्दा बढी भएको हकमा यो मापदण्ड लागू भए पश्चात उक्त कार्यक्रममा लागत साझेदारी गरिनेछैन।

(३) देहायको अवस्थामा लागत साझेदारी सम्बन्धी सम्झौता स्वतः रद्द भएको मानिनेछः–

(क) सुरु सम्झौता बमोजिम निर्माण कार्य सुरु भई कुनै कारणवश ठेक्का सम्झौता रद्द भै पुनः ठेक्का भएमा, वा

(ख) सम्झौता भएको आर्थिक वर्षसमेत गरी तीन आर्थिक वर्षमा कार्यसम्पन्न नभएमा, वा

(ग) स्थानीय तहले संघीय सरकारबाट सोही कार्यक्रमका लागि अनुदान प्राप्त गरेमा, वा

(घ) सम्झौता बमोजिमको रकम आवश्यक नरहेको भनी स्थानीय तहबाट लेखी आएमा।

(४) उपदफा (३) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम कार्यक्रम संचालन गर्ने स्थानीय तहको हकमा सम्झौता भए पश्चात आगामी एक आर्थिक वर्षका लागि मात्र लागत साझेदारी कायम भएको मानिनेछ।

९. **<u>स्थानीय तहको जिम्मेवारी:</u>** (१) यस मापदण्ड बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि छनोट हुने स्थानीय तहको जिम्मेवारी देहाय बमोजिम हुनेछः–

(क) जुन कार्यक्रमका लागि अनुदान रकम प्राप्त गरेको हो सोही कार्यक्रममा मात्र उक्त रकम खर्च गर्ने,

(ख) प्रदेश सरकारको साझेदारीमा कार्यक्रम सञ्चालन गरिएको व्यहोरा देखिने गरी आयोजना बोर्ड राख्ने,

(ग) अनुदान रकमको मितव्ययिता र पारदर्शिता कायम गर्ने,

(घ) भुक्तानीका लागि कार्यालयमा पेश भएको ठेक्का बील तथा मूल्य अभिवृद्धि कर बीजक बमोजिम निकासा माग गर्ने,

(ङ) प्रचलित कानून बमोजिम आन्तरिक तथा अन्तिम लेखापरिक्षण गर्ने गराउने,

(च) सम्झौतामा तोकिएको अवधि भित्र गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्ने गराउने,

(छ) कार्य सम्पन्न भए पश्चात सम्पन्नताको प्रगति मन्त्रालयमा पेश गर्ने।

१०. **<u>अनुगमन तथा मूल्यांकन:</u>** (१) सम्झौता बमोजिम कार्यक्रम संचालन भए नभएको सम्बन्धमा मन्त्रालयले समय समयमा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा मन्त्रालयले कार्य प्रभावकारीताको लागि आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ।

(३) कार्यक्रम कार्यान्वयन स्थलमा कार्यक्रमको नाम, विनियोजित बजेट, प्रदेश सरकार तथा स्थानीय तहको लागत साझेदारीको हिस्सा, निर्माण व्यवसायी लगायत आयोजनासँग सम्बन्धित विषय सूचना पाटी वा बोर्डमा टाँस गर्नु पर्नेछ।

(४) कार्यक्रम सम्पन्न भइसकेपछि गण्डकी प्रदेश सरकार र स्थानीय तहको लागत साझेदरीमा कार्यक्रम सम्पन्न भएको सूचना अंकित शिलालेख वा स्तम्भ वा वोर्ड वा अन्य कुनै उपयुक्त सन्देश सामग्री कार्यक्रम रहेको उपयुक्त स्थानमा राख्नु पर्नेछ।

११. **<u>भुक्तानीको तरिकाः</u>** (१) मन्त्रालयले यस मापदण्ड बमोजिम छनोट भएका कार्यक्रमको स्थलगत अनुगमन गर्न सक्नेछ।

(२) यस मापदण्ड बमोजिम कार्यक्रम सञ्चालनका लागि छनोट भएका स्थानीय तहले मन्त्रालयले बेहोर्ने लागत साझेदारीको रकम प्राप्तिका लागि देहायका कागजातहरु समेत मन्त्रालयमा पेश गर्नु पर्नेछः–

(क) लागत साझेदारी वापतको रकम माग गरेको पत्र,

(ख) निर्माण कार्यको कार्यप्रगति विवरण तथा प्राविधिक प्रतिवेदन,

(ग) कार्यपालिका बैठकको निर्णयको प्रमाणित प्रतिलिपी।

(घ) रकम माग गर्ने सम्बन्धी लेखा उत्तरदायी अधिकृतबाट भएको निर्णयको प्रमाणित प्रतिलिपी,

(३) लागत साझेदारी वापत मन्त्रालयले भुक्तानी गर्नु पर्ने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयमार्फत सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गरिनेछ।

अनुसूची १

**स्थानीय तहले दिने निवेदनको ढाँचा**

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

................नगरपालिका/गाउँपालिका

.........कार्यपालिकाको कार्यालय,...............

विषयः– स्थानीय तहको प्रशासकीय भवन निर्माणमा साझेदारीताका लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा ।

श्री आर्थिक मामिला मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा ।

आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशद्धारा मिति ...........मा प्रकाशित सूचना बमोजिम यस स्थानीय तहको प्रमुख प्रशासकीय भवन/....नं. वडाको वडा कार्यालय भवन निर्माण कार्यमा स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारीसम्बन्धी मापदण्ड, २०८१ बमोजिमको कार्यक्रममा स्वीकृत लागत अनुमानमा उल्लेख भएको रकम रु............(प्रोभजिनल सम र कन्टिन्जेन्सी बाहेक) मा मन्त्रालयबाट..........प्रतिशत वा यस स्थानीय तहबाट बाँकी रकम व्यहोर्ने गरी लागत साझेदारीताको कार्यक्रममा सहभागी हुने कार्यका लागि आवश्यक कागजात यसै निवेदनसाथ संलग्न गरी पेश गरेका छौं।

| | |
|---|---|
| ......................... | .................................. |
| (प्रमुख प्रशासकीय अधिकृत) | (नगर प्रमुख/ गाउँपालिका अध्यक्ष) |

मितिः

कार्यालयको छापः

अनुसूची २

**<u>सम्झौताको ढाँचा</u>**

(दफा ४ को उपदफा (९) सँग सम्बन्धित)

स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारीसम्बन्धी मापदण्ड, २०८१ बमोजिम ..................नगर/गाउँपालिकाको प्रशासकीय भवन/....नं वडाको वडा कार्यालय भवन निर्माणमा लागत साझेदारीका लागि गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय र ..........महानगर/नगर/गाउँपालिकाबीच मिति............मा तपसिल बमोजिमका शर्त तथा व्यवस्थाका अधिनमा रही लागत साझेदारीता कायम गर्ने गरी यो सम्झौता गरी एक/एक प्रति बुझी लिएका/दिएका छौं।

<u>शर्तहरु</u>

१. .........नगर/गाउँपालिकाको प्रशासकीय भवन/....नं वडाको वडा कार्यालय भवन निर्माण कार्यका लागि भएको सम्झौता रकम (प्रोभिजनल सम र कन्टिन्जेन्सी रकम बाहेक) मध्ये रु..............गण्डकी प्रदेश, आर्थिक मामिला र रु............नगर/गाउँपालिकाले व्यहोर्नेछ ।

२. कूल ठेक्का सम्झौता रकम (प्रोभिजनल सम, कन्टिन्जेन्सी तथा भेरिएशन आदेश र मूल्य वृद्धि समायोजन लगायतबाट थप हुने दायित्व) मा गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयले व्यहोर्ने रकमबाहेकको सम्पूर्ण रकम स्थानीय तहले व्यहोर्नेछ।

३. सम्झौता बमोजिम निर्माण कार्य सुरु भै कुनै कारणवश ठेक्का सम्झौता रद्द भै पुनः ठेक्का भएमा वा सम्झौता भएको आर्थिक वर्षसमेत गरी तीन आर्थिक वर्षमा कार्यसम्पन्न नभएमा वा स्थानीय तहले संघीय सरकारबाट सोही कार्यक्रमका लागि अनुदान प्राप्त गरेमा वा सम्झौता बमोजिमको रकम आवश्यक नरहेको भनी स्थानीय तहबाट व्यहोरा प्राप्त भएमा यो सम्झौता स्वतः रद्द भएको मानिनेछ।

४. निर्माण कार्यको कार्यप्रगति विवरण तथा प्राविधिक प्रतिवेदन, लागत साझेदारी बापतको रकम मागका लागि भएको प्रशासकीय निर्णय र कार्यपालिका बैठकको निर्णय तथा सो सम्बन्धी पत्र मन्त्रालयमा प्राप्त भएपश्चात मन्त्रालयले स्वीकृत लागत साझेदारी बापतको रकम स्थानीय तहको संचित कोषमा पठाउनेछ।

५. लागत साझेदारी बापतको रकमको प्रचलित कानून बमोजिम लेखा राख्ने तथा लेखापरिक्षण गर्ने गराउने र लेखाको सत्यता, तथ्यता र आर्थिक अनुशासन सम्बन्धि सम्पूर्ण दायित्व स्थानीय तहको हुनेछ ।

६. कुनै कारणवश आर्थिक वर्षको अन्त्यमा लागत साझेदारी बापतको रकम उपलब्ध गराउन नसकिएमा सो दायित्व अर्को आर्थिक वर्षका लागि जिम्मेवारी सारी लगत राखिनेछ।

७. यो सम्झौताको अवधि आ.व. ......... को अन्त्यमा समाप्त हुनेछ।

८. यस सम्झौतामा उल्लेख भएका कुराहरुको हकमा यसै सम्झौता बमोजिम र अन्य कुराहरुको हकमा मापदण्ड र प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

| <u>पहिलो पक्षः मन्त्रालय</u> | <u>दोश्रो पक्षः स्थानीय तह</u> |
|---|---|
| नाम थरः– | नाम थरः– |
| दस्तखतः– | दस्तखतः– |
| दर्जाः– सचिव | दर्जाः– नगर प्रमुख/अध्यक्ष |
| | स्थानीय तहको नामः |
| मन्त्रालयको छापः | स्थानीय तहको छापः |

मितिः

**<u>रोहबर</u>**

(१) प्रमुख, वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा।

(२) शाखा प्रमुख, अन्तरसरकारी वित्त हस्तान्तरण शाखा।

(३) प्रमुख प्रशासकीय अधिकृत प्रमुख, योजना शाखा।

अनुसूची ३

## पूरक सम्झौताको ढाँचा

(दफा ४ को उपदफा (१०) सँग सम्बन्धित)

स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारीसम्बन्धी मापदण्ड, २०८१ बमोजिम ..................नगर/गाउँपालिकाको प्रशासकीय भवन/...नं वडाको वडा कार्यालय भवन निर्माणमा लागत साझेदारी कायम गर्ने कार्यका लागि गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालय र ..........नगर/गाउँपालिकाबीच मिति............मा तपसिल बमोजिमका शर्त तथा व्यवस्थाका अधिनमा रही लागत साझेदारीता कायम गर्ने गरी यो सम्झौता गरी एक/एक प्रति बुझी लिएका/दिएका छौं ।

शर्त तथा व्यवस्थाहरु

१. ............नगर/गाउँपालिकाको प्रशासकीय भवन/...नं वडाको वडा कार्यालय भवन निर्माण कार्यका लागि भएको सुरु सम्झौता रकम (प्रोभिजनल सम र कन्टिन्जेन्सी रकम बाहेक) मध्ये रु..............गण्डकी प्रदेश, आर्थिक मामिला र रु............ नगर/गाउँपालिकाले व्यहोर्नेछ ।

२. कूल ठेक्का सम्झौता रकम (प्रोभिजनल सम, कन्टिन्जेन्सी तथा भेरिएशन आदेश र मूल्य वृद्धि समायोजन लगायतबाट थप हुने दायित्व) मा गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयले व्यहोर्ने रकमबाहेकको सम्पूर्ण रकम स्थानीय तहले व्यहोर्नेछ ।

३. मापदण्ड बमोजिमको कार्यक्रमका लागि यो सम्झौता हुनुपूर्व स्थानीय तहलाई गरेको वित्तीय हस्तान्तरणको रकम यसै सम्झौता बमोजिम उपलब्ध गराएको मानिनेछ ।

४. सुरु सम्झौता बमोजिम निर्माण कार्य सुरु भै कुनै कारणवश ठेक्का सम्झौता रद्द भै पुनः ठेक्का भएमा वा सम्झौता भएको आर्थिक वर्षसमेत गरी दुई आर्थिक वर्षमा कार्यसम्पन्न नभएमा वा स्थानीय तहले संघीय सरकारबाट सोही कार्यक्रमका लागि अनुदान प्राप्त गरेमा वा सम्झौता बमोजिमको रकम आवश्यक नरहेको भनी स्थानीय तहबाट व्यहोरा प्राप्त भएमा यो सम्झौता स्वतः रद्द भएको मानिनेछ ।

५. निर्माण कार्यको कार्यप्रगति विवरण तथा प्राविधिक प्रतिवेदन, लागत साझेदारी बापतको रकम मागका लागि भएको प्रशासकीय निर्णय र कार्यपालिका बैठकको निर्णय तथा सो सम्बन्धी पत्र मन्त्रालयमा प्राप्त भएपश्चात मन्त्रालयले स्वीकृत लागत साझेदारी बापतको रकम स्थानीय तहको संचित कोषमा पठाउनेछ।

६. अनुदान रकमको प्रचलित कानून बमोजिम लेखा राख्ने तथा लेखापरिक्षण गर्ने गराउने र लेखाको सत्यता, तथ्यता र आर्थिक अनुशासनसम्बन्धि सम्पूर्ण दायित्व स्थानीय तहसँग रहनेछ ।

७. कुनै कारणवश आर्थिक वर्षको अन्त्यमा लागत साझेदारी बापतको रकम उपलब्ध गराउन नसकिएमा सो दायित्व अर्को आर्थिक वर्षका लागि जिम्मेवारी सारी लगत राखिनेछ।

८. यो सम्झौताको अवधि आ.व. ......... को अन्त्यमा समाप्त हुनेछ ।

९. यस सम्झौतामा उल्लेख भएका कुराहरुको हकमा यसै सम्झौता बमोजिम र अन्य कुराहरुको हकमा मापदण्ड र प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| पहिलो पक्षः मन्त्रालय | दोश्रो पक्षः स्थानीय तह |
|---|---|
| नाम थरः– | नाम थरः– |
| दस्तखतः– | दस्तखतः– |
| दर्जाः– सचिव | दर्जाः– नगर प्रमुख/अध्यक्ष |
| | स्थानीय तहको नामः |
| मन्त्रालयको छापः | स्थानीय तहको छापः |

मितिः

**रोहबर**

(१) प्रमुख, वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा।

(२) शाखा प्रमुख, अन्तरसरकारी वित्त हस्तान्तरण शाखा।

(३) प्रमुख प्रशासकीय अधिकृत प्रमुख, योजना शाखा।

## स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड, २०८१ को पहिलो संशोधन

| क्र.सं. | दफा/ उपदफा | मौजुदा व्यवस्था | सोशोधित व्यवस्था |
|---|---|---|---|
| १ | **५ (क)** | (क) प्रशासकीय भवन निर्माणको लागि सम्झौता रकमको **चालीस प्रतिशत** वा दुई करोड पचास लाख रुपैयाँ मध्ये कम हुने रकम, | (क) प्रशासकीय भवन निर्माणको लागि सम्झौता रकमको **पचास प्रतिशत** वा दुई करोड पचास लाख रुपैयाँ मध्ये कम हुने रकम, |
| २ | **५ (ख)** | (ख) वडा कार्यालय भवन निर्माणको लागि सम्झौता रकमको चालीस प्रतिशत वा रु. **दुई करोड रुपैयाँ** मध्ये कम हुने रकम, | (ख) वडा कार्यालय भवन निर्माणको लागि सम्झौता रकमको चालीस प्रतिशत वा रु एक करोड रुपैयाँ मध्ये कम हुने रकम, |